संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १४ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज सम्माननीय प्रधानमन्त्रीले अमेरिका र चीन भ्रमणका सम्बन्धमा सभालाई जानकारी गराउने कार्यक्रम भएको र दलहरुबीच सोही बमोजिम सहमति भएकोले आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनको लागि सहयोग गर्न आग्रह गर्नुहुँदा पनि मा० सदस्यहरु उभिइरहनुभएपछि सम्माननीय सभामुखले मा० श्री रवि लामिछानेलाई समय दिनुहुँदा उहाँले पेट्रोलियम पदार्थको आफै आयात गर्ने, विक्रि गर्ने र नियमन गर्ने नेपाल आयल निगम सधैँ घाटामा रहने विषयको निर्क्यौल गरिनुपर्ने, संविधान दिवसको अवसरमा सरकारको सिफारिशमा जघन्य अपराधमा सजाय भोगीरहेकालाई सम्माननीय राष्ट्रपतिबाट माफी दिलाई उन्मुक्ति दिने कार्य बन्द हुनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त राष्ट्रिय प्रजातन्त्र पार्टीका मा० सदस्यहरुले समय माग गर्नुभएपछि सम्माननीय सभामुखले दलका सचेतकहरुसँग भएको सहमति पुनः स्मरण गराउँदै आशन ग्रहण गर्न पटकपटक अनुरोध गर्नुहुँदा पनि उहाँहरु नबस्नुभएपछि सम्माननीय सभामुखले उहाँहरुलाई समय दिन लाग्नुभएपछि ने.क.पा. (एमाले), नेपाली काँग्रेस, ने.क.पा. (माओवादी केन्द्र), ने.म.कि.पा., स्वतन्त्र सदस्य लगायतका मा० सदस्यहरु समेत सबैले बोल्न पाउनु पर्ने भन्दै आ-आफ्नो आशन अगाडि उभिएर होहल्ला गर्नुभयो । त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुलाई पटकपटक आशन ग्रहण गर्न आग्रह गरिसकेको जानकारी गराउनुहुँदै पुनः मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न निर्देश गर्नुभएपछि मा० सदस्यहरुले आशन ग्रहण गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले मन्त्रिपरिषद्‌को बैठकले सुनको अवैध पैठारी तस्करी नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री डिल्लीराज आचार्यको अध्यक्षतामा चार सदस्यीय जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको, नेपाल आयल निगमबाट भएको पेट्रोलियम पदार्थको मुल्यवृद्धि तत्काल फिर्ता गर्न निर्देशन गरिएको, चिनीयाँ प्रधानमन्त्रीको निमन्त्रणामा भएको चीन भ्रमणको क्रममा चिनीयाँ राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटको क्रममा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल, अवरुद्ध सीमा नाकाको पुनः सञ्चालन, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै उडान गर्ने लगायतका विषयमा छलफल भएको र अमेरिकाको न्यूयोर्कमा सम्पन्न संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सम्बोधन गर्ने क्रममा नेपालको शान्ति प्रक्रियालाई ठोस निष्कर्षमा पुऱ्याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग, जलवायू परिवर्तनले अल्पविकसित राष्ट्रमा पुऱ्याएको असर लगायतका विषयमा विश्व समुदायको ध्यानाकर्षण गराएको, अति कम विकसित राष्ट्रहरुको अध्यक्षको हैसियतले महासभा लगायत अन्य उच्चस्तरीय सभाहरुमा नेपालले सम्बोधन गर्ने अवसर प्राप्त गरेको, अमेरिकी राष्ट्रपति, संयुक्त राष्ट्र संघका महासचिव एवं विभिन्न देशका राष्ट्रप्रमुखसँग पनि भेटघाट गरी द्विपक्षीय हितका विषयमा छलफल भएको लगायतका विषयमा सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले आफ्नो भ्रमण सम्बन्धमा सदनलाई जानकारी गराउनु भएकोले यसमा स्पष्टिकरण नहुने व्यहोरा जानकारी गराउनु भएपछि मा० श्री रघुजी पन्तले समय माग गर्दै उभिनुभएपछि सम्माननीय सभामुखले आज दलहरुबीच भएको सहमति बमोजिम समय उपलब्ध गराउन नसकिने जानकारी गराउनु हुँदै आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू सम्वत् २०८० साल भदौ ३० गते शनिबार संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सहभागी हुन र तत्पश्चात् जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणको शिलशिलामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गनुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०८०/५/२९ (डिल्ली राम शर्मा)
> सचिव

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको **Peacebuilding Commission** को कार्यक्रममा प्रतिनिधित्व गर्न संवत् २०८० साल भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/२६ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसाल क्युवाको हवानामा आयोजना हुने **Group of 77 and China** शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/२६ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ग) माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महत इजिप्टको शार्म एल शेखमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा अस्थायी गभर्नरको रुपमा सहभागी हुन संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार र परराष्ट्र मन्त्रालयको कार्यभार समेत माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(घ) माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ङ) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

(च) माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु मित्र राष्ट्र चीनको होङझाओ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा नेपाल तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय शहरी विकास मन्त्री सिता गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०५ (बैकुण्ठ अर्याल)
मुख्य सचिव

तत्पश्चात सम्माननीय सभामुखले “विद्यालय शिक्षा विधेयक, २०८०” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि “विद्यालय शिक्षा विधेयक, २०८०” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले “विद्यालय शिक्षा विधेयक, २०८०” प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १६ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:४५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव